# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।१२।१२

श्री प्रमुखज्यू,
चौरपालिका गाउंपालिका,
अछाम ।

विषयः**<u>लेखापरीक्षण प्रतिवेदन</u>** ।

यस कार्यालयबाट चौरपाटी गांउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु. ६४ लाख २ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १९ लाख १५ हजार, नियमित गर्नुपर्ने रु २ लाख ३३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७ लाख ७५ हजार र पेश्की वाकी रु ३४ लाख ७९ हजाररहेको छ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।३० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात कागजातका आधारमा बेरुजु फछ्र्यौट नभइ कायम भएको पाना १४ यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# चौरपाटी गाउंपालिका अछाम,
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।०७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न चौरपाटी गांउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यस स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । सुदूर पश्चिम प्रदेशमा अवस्थितयो चौरपाटी गांउपालीका अर्न्तगत७वडा, ३९सभा सदस्य, १८२.१६व.की.मी.क्षेत्रफल र २५१४९जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७४।०७५ कोसंचित कोषको आयव्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६५७८७८८।०० | १ | **चालु खर्च** | | १९७७२१५९०।०० |
| | क) नगद | ०।०० | | २ | **पूँजीगत खर्च** | | १४२७४९७३०।०० |
| | ख) बैंक | ६५७८७८८।०० | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | ६७८६७५३।२४ | | क) ऋण भुक्तानी | ०।०० | ०।०० |
| | क) आन्तरिक राजस्व | | | | ख) ब्याज भुक्तानी | ०।०० | |
| | ख) राजस्व बाँडफाँड | ०।०० | | | ग) अन्य भुक्तानी | ०।०० | |
| | ग) अन्य आय | ६७८६७५३।२४ | | ४ | **लगानी** | | ०।०० |
| ३ | **वित्तीय हस्तान्तरण** | | ३०२७५१९५०।०० | | ऋण लगानी | ०।०० | |
| | क)वित्तीय समानीकरण अनुदान | २०३१०२०००।०० | | | शेयर लगानी | ०।०० | |
| | ख) सशर्त अनुदान | ९९६४९९५०।०० | | | अन्य लगानी | ०।०० | |
| | ग) समपूरक अनुदान | ०।०० | | ५ | **धरौटी फिर्ता** | | ०।०० |
| | घ) विशेष अनुदान | ०।०० | | ६ | **कोष खर्च** | | ०।०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २७६०००।०० | ७ | **मौज्दात** | | ५९९३२०७।२४ |
| | क)वित्तीय समानीकरण अनुदान | ०।०० | | | क) नगद मौज्दात | ०।०० | |
| | ख) सशर्त अनुदान | ०।०० | | | ख) बैंक मौज्दात | ५९९३२०७।२४ | |
| | ग) समपूरक अनुदान | ०।०० | | | | | |
| | घ) विशेष अनुदान | २७६०००।०० | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ०।०० | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ०।०० | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ०।०० | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | ०।०० | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ८४००९९००।०० | | | | |
| १० | **धरौटी आय** | | ०।०० | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | ०।०० | | | | |
| १२ | **अन्य विविध आय** | | ०।०० | | | | |
| | **जम्मा** | | ४००४०३३९१।२४ | | **जम्मा** | | ४००४०३३९१।२४ |

<table>
<tr><th>बे.द.नं</th><th>लेखापरीक्षणवाट देखिएका ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>सञ्चित कोष : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले निम्नानुसारको गत आ.व.को लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजु रु ३५४६८/००संचित कोषमा दाखिला गरिनु पर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>रकम रु</th><th>रकम रु</th></tr>
<tr><td>१</td><td>गत वर्षको प्रतिवेदन अनुसार संचितकोषमा दाखिला गर्नुपर्ने रु</td><td></td><td>४४३१३६.२४</td></tr>
<tr><td>२</td><td>प्रतिवेदनमा भागिरामपुनको अन्यथा पर्न गएकोले घटाएको</td><td>(२१७२५५/५०)</td><td></td></tr>
<tr><td>३</td><td>प्रतिवेदनमा भागिरामपुनको प्रतिवेदन अनुसार हुनुपर्ने जोडेको</td><td>४२३५५.५०</td><td>-१७४९००</td></tr>
<tr><td></td><td>गत वर्ष सम्मको दाखिला गर्न वाकी</td><td></td><td></td></tr>
<tr><td>४</td><td>संचितकोष दाखिला भई सम्परीक्षण गरीएको</td><td></td><td>-२३२७६८.२४</td></tr>
<tr><td></td><td>संचितकोषमा दाखिला गर्न वाकी रु</td><td></td><td>३५४६८.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधिः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ ॥यस गाउँपालिकाको ०७४ असोज ४ गते बसेको गांउ सभाबाट बार्षिक बजेट र नीति तथा कार्यक्रम स्वीकृत गरेकोमा स्थानीय सरकार संचालन ऐन,२०७४ बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको छैन । अतः स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरि खर्च गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३.</td><td>वजेट पारित गर्ने: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ ।तर यो चौरपाटी गाउँपालिकाले २०७४ असोज ४ गतेको गांउ सभाबाट आर्थिक बर्षको योजना तथा कार्यक्रम र आयब्ययको बिबरण सभामा पेश गरि पारित गरेको छ । ऐनले तोकेको अबधी भित्र आर्थिक बर्षको राजस्व र ब्ययको अनुमान प्रस्तुत गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>आन्तरीक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ।सो बमोजिम आन्तरिक नियन्त्रण प्रणली तयार गरी कार्यान्वयनमा ल्याएको छैन । अतः ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५.</td><td>आन्तरिक ऋणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिमचौरपाटी गाउपालिकाले वित्त आयोगको सिफारिसमा सर्म्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक , आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यो गाउपाँलिकाले यो वर्ष स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम कुनै किसिमकोऋण लिएकोदेखिदैन । गांउपालिकाको आर्थिक अभिबृद्धिको श्रोत ब्यबस्थापनमा आन्तरिक ऋण समेतको उचित प्रयोग गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>स्थानीय तथ्यांङ्ग र अभिलेखः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ ।</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | योगाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फयस गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ७. | **सेवाप्रवाह–** सुशासन (व्यवस्थापनतथा संचालन) ऐन, २०६४को दफा २५ मा सर्वसाधारणलाई सेवाप्रदानगर्ने वाजनसम्पर्क कायमगर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमाकार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवाप्राप्तगर्न पूरा गर्नु पर्ने कार्यविधि, सेवाप्रदानगर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवाप्रदानगर्न लाग्ने समयावधि, र सेवाप्राप्तगर्न कुनै दस्तुर तथाअन्य रकमलाग्ने भए सोको विवरण,खुलाई नागरिक बडापत्र राख्नु पर्ने र सो वमोजिम सेवाप्रदान गरेको अभिलेख राख्नुपर्ने व्यवस्था छ ।<br>योगाउँपालिकाको लेखापरीक्षण गर्दा , यस वर्ष १५४१ जनाको नागरिकता शिफारिश, १६९ जनाको नाता प्रमाणित, २५१० व्यक्तिगत घटना दर्ता र ५१ घरवाटो सिफारिशको लागि सेवाग्राहीवाट निवेदन दर्ता भएकोमा सोको पुरै सेवा प्रवाह गरेको छ । तर यस वर्ष घर नक्सा पास र निर्माण कार्य सम्पन्न सम्वन्धी सेवा प्रदान गरेको छैन । यसका साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| ८. | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गांउपालिकामा रहने कर्मचारी दरवन्दी ३९ रहेपनि पदपूर्ति ८ रहेको देखियो । रा.प.द्बितीय अधिकृत सहित ३१ पद रिक्त रहेका छन । ति मध्ये ३ जना करारमा राखि कार्य संचालन गरिएको छ । जनशक्तिको अभावमा गांउपालिकाको कार्यसम्पादन र सेवा प्रबाहमा समेत असर परेकोले दरबन्दी अनुसार पदपूर्ति गरिनु पर्दछ । | |
| ९. | **वार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले वित्तीय समानीकरण अन्तर्गत वार्षिक रु.१४,२७,४९,७३०।- को पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः यस गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| १०. | **लक्ष्य प्रगतिको स्थिति -**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिमको ढाँचामा प्रगती विवरण पेश हुन आएन । | |
| ११. | **बैंक हिसाब -** कार्यालयको बैंक खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको आम्दानी रु.४०,०४,०३,३९१।२४र खर्च रु.३४,०४,७१,३२०। मौज्दात रु.५,९९,३२,०७१।२४ भएकोमा बैंक ब्यालेन्स सर्टिफिकेट अनुसार रु.६,०८,७७,८५६।२५ बैंक मौज्दात भई रु.९,४५,७८५।०१ फरक परेको छ । कार्यालयले बैंक हिसाब मिलान बिबरण तयार गरेको छैन ।बैंक हिसाव मिलान बिबरण तयार गरी फरक पर्नाको कारण पहिचान गरी हिसाव मिलान गर्नुपर्दछ । | |

<table>
<tr><td>१२.</td><td>चौमासिक खर्च:आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा रु.५,००,०००।०० अर्थात ०.३७ प्रतिशत, दोश्रो चौमासिकमा रु.६,००,००,०००।००, अर्थात ४५.०८ प्रतिशत र तेश्रो चौमासिकमा रु.७,२५,९६,०००।००, अर्थात ५४.५५ प्रतिशत खर्च गरेको छ । यसरी नै आषाढ मसान्तमा रु.५,४४,९३,९७९।००, अर्थात ४०.९४ प्रतिशत खर्च भई आषाढमा खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>पोशाक भत्ता - प्रदेश सभाले बनाएको कानुन अनुसार स्थानीय निकायले आफ्ना पदाधिकारी तथा कर्मचारीहरुलाई थप सेवा सुविधा सम्बन्धी आफ्नो आन्तरिक आम्दानीबाट स्रोतको सुनिश्चितताको आधारमा थप सेवा सुबिधा भुक्तानी गर्न सकिने अबस्थामा चौरपाटी गांउपालिका अध्यक्ष सहित वडा सदस्य समेत ३८ जना पदाधिकारीहरुलाई गो.भा.नं.१९५ मिति २०७५।३।१४ बाट संघीय सरकारबाट प्राप्त बित्तीय समानिकरण अनुदानबाट प्रति पदाधिकारी १०५००।०० का दरले पोशाकभत्ता खर्चलेखेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>३९९०००।</td></tr>
<tr><td>१४.</td><td>विशेष भत्ता - प्रदेश सभाले बनाएको कानुन अनुसार स्थानीय निकायले आफ्ना पदाधिकारी तथा कर्मचारीहरुलाई थप सेवा सुविधा सम्बन्धी आफ्नो आन्तरिक आम्दानीबाट स्रोतको सुनिश्चितताको आधारमा थप सेवा सुबिधा भुक्तानी गर्न सकिने व्यवस्था छ । बित्तिय समानीकरण चालु अनुदानबाट २०७४ साउन देखि २०७५ अषाढसम्ममा बिभिन्न कर्मचारीलाईतलव स्केलको २० र ३० प्रतिशतका दरले प्रोत्साहन भत्ता भनी जम्मा रु.१०,५६,४०९।०० खर्च लेखेको छ । नेपाल सरकारले तोकेको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन।यस्तो सुबिधा उक्तकानुन विपरीत गांउसभाबाट निर्णय गरी निम्न बमोजिम प्रोत्साहनभत्ता खर्च लेखेको रकमअसुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं</th><th>मिति</th><th>ब्यहोरा</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१</td><td>२२६</td><td>२०७५।३।३१</td><td>गांउपालिकाका अस्थायी करार कर्मचारीहरुलाई तलब स्केलको २० प्रतिहतका दरले प्रोत्साहन भत्ता भुक्तानी भएको</td><td>१९४४५८।००</td></tr>
<tr><td>२</td><td>२२८</td><td>२०७५।३।३१</td><td>गांउपालिकाका स्थाथी निजामती कर्मचारीहरुलाई तलब स्केलको ३० प्रतिहतका दरले प्रोत्साहन भत्ता भुक्तानी भएको.</td><td>८६१९५१।००</td></tr>
<tr><td colspan="4">जम्मा:</td><td>१०५६४०९।००</td></tr>
</table></td><td>१०५६४०९।</td></tr>
<tr><td>१५.</td><td>कल्याण कोष :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सो ब्यबस्था अनूसार यस गांउपालिकाको सभाबाट बजेट बिनियोजन गरी कर्मचारी कल्याणकोष खातामा ल्याएको पाईएन, यसो गर्दा स्थानीय तहका कर्मचारीहरुको सेवा निबृत हूंदा प्राप्त गर्ने सेवा सुबिधामा असर पर्न जाने र भबिष्यमा एकमुष्ट आर्थिक दायित्व पर्न जाने हुंदा आफ्नो गांउपालिका भित्रका कर्मचारीहरुको अबस्था समेतलाई मध्य नजर गरी कर्मचारी कल्याणकोषको ब्यबस्था गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>सशर्त अनुदान- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित</td><td>२३१०५।००</td></tr>
</table>

<table>
<tr><td></td><td>कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यो गाउँपालिकाले रु.२३१०५।०० खर्च नभई बाँकी रकम स्थानीय सञ्चित कोषमा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु...........
<table>
<tr><th>ब.उ.शि.नं. तथा कार्यक्रमको नाम</th><th>निकासा</th><th>खर्च</th><th>बांकी</th></tr>
<tr><td>३६५८१९४ स्था.शा.तथा सामुदायिक विकास कार्यक्रम</td><td>६०००००।००</td><td>५९९८९५।००</td><td>१०५।००</td></tr>
<tr><td>८०१८४५३ कृषि सशर्त अनुदान</td><td>३२०००००।००</td><td>२९७००००।००</td><td>२३०००।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२३१०५।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७.</td><td>राजश्व अभिलेख : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यस स्थानीय तहवाट यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गांउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । गांउपालिकाले आफ्नो गांउपालिका भित्र रहेका स्वास्थ्य शाखा,कृषि शाखा तथा पशु शाखा लगायतको लागि खरिद भएका खर्च नहुने जिन्सी सामानहरु पनि गांउ पालिकाको जिन्सी सम्पतीको मुल अभिलेखमा आम्दानी जनाई शाखागत रुपमा सहायक लेजर राखी अभिलेख राख्नुपर्नेमा सो बमोजिम भए गरेको नपाईएकोले गांउपालिका भित्र रहेका सम्पूर्ण बिषयगत शाखा र वडाकार्यालयहरु समेतमा रहेका जिन्सी सम्पतीहरुको अध्याबधिक अभिलेखीकरण गरी सम्पतीको संरक्षण गर्नुपर्ने देखिन्छ । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>स्रोत नक्सांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गांउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा यस गांउपालिकाको प्रोफायल तथा गुरु योजना निर्माण कार्यको लागि सामुदायिक विकासका लागि नेपाल नामक परामर्श दाता संस्था संग २०७५ पौष ७ भित्र कार्य सम्पन्न गर्ने गरि कबोल अंक रु.२४९७०००।०० मा संझौता भई कार्य भई रहेको पाईयो ।</td><td></td></tr>
<tr><td>२०.</td><td>अग्रिम कर : आयकर ऐन, २०५८ को दफा ८९ अनुसार रकम भुक्तानीमा करकट्टी संबन्धी ब्यबस्था अनुसार ब.उ.शि.नं.३६५८१९३ स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फको गो.भा.नं.३ मिति २०७४।१०।३ बाट स्थानीय सेवा प्रदायक संस्था गतिशिल बहुउदेशीय समाज अछामलाई परामर्श सेवा बापत भुक्तानी भएको रु.११३०००।०० मा १.५ प्रतिशतले हुने अग्रिम आयकर रु.१५००। कर कट्टी भएकोमा आर्थिक बर्षको अन्तसम्म पनि सम्बन्धित राजस्व खातामा दाखिला भएको नदेखिदा असुलउपर गरि दाखिला गर्नुपर्ने रु.....</td><td>१५००।००</td></tr>
<tr><td>२१.</td><td>पेश्की -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td>दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गांउपालिकाको ५ जनाको नाममा रु.३४७९०००।०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्ने.रु....
<table>
<tr><th>सि. नं.</th><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको ना</th><th>पेश्की रकम रु.</th></tr>
<tr><td>१</td><td>२०७५।२।२९</td><td>धनछाडा गांखर्क सिंचाई कुलो निर्माण उपभोक्ता समिति</td><td>७७००३२।०</td></tr>
<tr><td>२</td><td>२०७५।३।११</td><td>बेतालदेउ कैर सिंचाई कुलो निर्माण उपभोक्ता समिति</td><td>८०९९६८।०</td></tr>
<tr><td>३</td><td>२०७४।११।१६</td><td>चौरमाण्डौं प्राथमिक स्वास्थ्य केन्द्र, चौरपाटी अछाम</td><td>१२०००००।०</td></tr>
<tr><td>४</td><td>२०७५।२।१०</td><td>कोकलेगडा सल्लीकोट सडक निर्माण उपभोक्ता समिति</td><td>२०००००।०</td></tr>
<tr><td>५</td><td>२०७५।३।१२</td><td>सामुदायिक विकासका लागि सहकार्य नेपाल,काठमाण्डौं</td><td>४९९०००।०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३४७९०००।०</td></tr>
</table>
</td>
<td>३४७९०० ०।</td>
</tr>
<tr>
<td>२२.</td>
<td>योजना र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी संबन्धी उक्त ब्यवस्थाको पालना गरिनु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२३.</td>
<td>उपभोक्ता समिति छनौट - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्रही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समुदायबाट व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्रही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२३.१.</td>
<td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउने साथै कायांलयबाट गनें भुक्तानीमा आनुपातिक कट्टी गर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गनें, योजना हस्तान्तरण हुने तथा खचं सावंजनिक गनें जस्ता कानूनले तोकेका कायं गरेको देखिएन।</td>
<td></td>
</tr>
<tr>
<td>२३.२.</td>
<td>खर्च अनुमोदन – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन भएका र विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक</td>
<td></td>
</tr>
</table>

| | | |
|---|---|---|
| | लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| २४. | **कार्यसम्पन्न प्रतिवेदन:**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ । यस गांउपालिका कार्यालयबाट निम्न २ वटा निर्माण कार्य आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधि२०७५।५।२ गतेसम्म पनिसाना सिंर्चाईहरुको निर्माण कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्र कार्य सम्पन्न हुन नसकेकोमा म्याद थप समेत भएको छैन । अतः स्वीकृत कार्यक्रम अन्तर्गतका निम्न सिंचाई योजनाहरुको कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |

| सि. नं. | योजनाको नाम | संझौता मिति | लागत अनुमान | कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|
| १ | धनछाडा गांखर्क सिंर्चा कुलो निर्माण योजना | २०७५।१।११ | २५६६७७४।५८ | २०७५।३।३२ |
| २ | बेतालदेउ कैर सिंचाई योजना | २०७५।१।११ | ६१६३१५४।४२ | २०७५।३।३२ |

| | | |
|---|---|---|
| २५. | **अनुपातिक कट्टी :** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय तहबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्न निर्माण कार्यको भुक्तानीमा अनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रु.४९२४८।००असुल गरि संचितकोष दाखिला गर्नुपर्ने.....रु. | ४९२४८। |

| सि.नं | ब्यहोरा | भुक्तानी रकम रु. |
|---|---|---|
| १ | गो.भा.नं.३४९ मिति २०७५।३।२० बाट चौरपाटी गा.पा.वडा नं.७ मार्कु ऐरी खानेपानी मर्मत योजनाको स्वीकृत ल.ई. रु.३१०२५१।२८ मा अनुदान रकम रु.२२५०००।०० कन्टेन्जेन्सी सहित भुक्तानी हुने गरि संझौता भएकोमा रु.२९४७९२।८४ अर्थात कुल ल.ई. को ४.८८ प्रतिशत घटी कार्य भएकोमा अनुदान रकम भुक्तानीमा अनुपातिक कट्टी भएको नदेखिएको................रु. | १०३६८।०० |
| २ | गो.भा.नं.४१५ मिति २०७५।३।२७ बाट देवीमाण्डौ मा.वि.भवन मर्मत योजनाको स्वीकृत ल.इ.रु.७१०५५५।४२ मा अनुदान रु.६०००००।०० कन्टेन्जेन्सी सहित भुक्तानी हुने गरि संझौता भएकोमा रु.६५४१७७।१४ अर्थात कुल ल.इ.को ६.७५ प्रतिशतले घटी कार्य भएकोमा अनुदान रकम भुक्तानीमा अनुपातिक कट्टी भएको नदेखिएको...................रु. | ३८८८०।०० |
| **जम्मा:** | | **४९२४८।००** |

| | | |
|---|---|---|
| २६. | **आयोजना हस्तान्तरण–**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवार समेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| २७. | **सार्वजनिक तथा सामाजिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। योजनागत उपभोक्ता | |

| | | |
|---|---|---|
| | समिति भित्र सार्वजनिक सुनुवाई गरेको देखिएता पनि गांउपालिकाबाट सेवा प्रबाह संबन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण भए गरेको पाईएन । | |
| २८. | **गुणस्तर परिक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर संबन्धमा सुनिश्चित गरिनु पर्दछ । | |
| २९. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयकोमिति २०७०।१।१५को निर्णय अनुसार पुंजिगत प्रकृतिको २ प्रतिशत र अन्य साना तिना खर्च ३ प्रतिशत भन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयवाट योजना कार्यान्बियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चवाट ५ प्रतिशत कट्टागर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । कार्यालयले कन्टीन्जेन्सी खर्चको अभिलेख राखि कन्टीन्जेसी रकमको तोकिएको क्षेत्रमा सदुपयोग तथा नियन्त्रणको व्यवस्था गरिनुपर्दछ । | |
| ३०. | **भ्रमण प्रतिवेदन–** भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ताको लागी भ्रमण खर्चको विलभरी भ्रमण प्रतिवेदनको साथ आवश्यक विल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयका कर्मचारीहरु आयोजनाहरुको स्थलगत निरीक्षण गर्दा स्थलगत रुपमा पहिचान भएका समस्या,समाधानका लागि गरिनु पर्ने सुधार सहितको प्रतिवेदन लिई सुचारु रुपले आयोजना संचालन गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्नेमा भ्रमण विल मात्र भरी पेश गर्ने र भ्रमण प्रतिवेदन पेश नगर्ने गर्दा उक्त कर्मचारी अनुगमन निरीक्षण भ्रमणमा गएको प्रमाण समेत पेश नहुने भएकोले भ्रमण प्रतिवेदन पेश गरी पछि मात्र भुक्तानी गर्ने एवं भ्रकण प्रतिवेदनमा उल्लेखित महत्वपूर्ण सुझावहरुको कार्यान्बियन समेत हुनुपर्दछ । | |
| ३१. | **सामाजिक सुरक्षा :**संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ को पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई बाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । यस गांउपालिका कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत निकासा रकम रु.७,१३,०८,०००।०० मध्ये ६,९४,२१,४००।०० भत्ता बितरण गरि बांकी रहन आएको रकम रु.१८,८६,६००।०० कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत निकासा फिर्ता गरेको देखियो । सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको बिबरण ब्यबस्थापन सूचना प्रणालीमा ईन्ट्री गरि सोहि आधारमा भत्ता निकासा तथा बितरण गरेको देखिएता पनि सामाजिक सुरक्षा संचालन कार्यबिधि २०७२ को दफा ९ बमोजिम गांउपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मुल अभिलेख अध्याबधिक गरि राख्नुपर्नेछ भन्ने ब्यबस्था अनुरुप मुल अभिलेख प्रमाणित गरि राखेको नपाईएको हुंदा लगत भिडान गर्न सकिएन । सो कार्यबिधि अनुसार लाभग्राहीहरुको नामनामेसी बिबरण सार्वजनिक गर्नुका साथै सोको लगत प्रमाणित गरि अध्याबधिक रुपमा राखेको नपाईनुका साथै भत्ता बितरणको रकम फछ्र्यौट गर्दा अनुसूचि ८ बमोजिमको बिबरण फाराम संबन्धीत वडा कार्यालयहरुबाट प्रमाणित गरि लिईएको समेत पाईएन । अतः गांउपालिकामा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मुल अभिलेख अध्याबधिक रुपमा प्रमाणित गरी राख्नुका साथै भत्ता बितरणको बिश्वसनियताको लागि लाभग्राहीहरुको बिबरण वडा कार्यालयहरुमा सार्वजनिकरण गर्नुका साथै अनुसूचि ८ बमोजिमको बिबरण समेत प्रमाणित गरि राख्नुपर्ने देखिन्छ । | |

<table>
<tr><td>३२.</td><td>व्यवसाय कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस गांउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखि उक्त लगत अद्यावधिक गरि लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गांउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । ।</td><td></td></tr>
<tr><td>३३.</td><td>मू.अ.करमा दर्ता नभएका संग खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले रु २० हजार भन्दा वढीका खरिद कार्य गर्दा मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । गो.भा.नं.२०५ मिति २०७५।३।२१ बाट गाउँपालिकाको बृतचित्र निर्माण कार्यको लागि सुन्धारा ताल फिल्मस कोटेश्वर काठमाण्डौं स्थायी लेखा नं.६०३३४१२९४ लाई रकम भुक्तानी गरेकोमा सो प्रा.लि.मु.अ.कर दर्ता भएको नदेखिएकोले सार्वजनिक खरिद नियमावली बिपरित खरिद कार्य भएको अनियमित देखिएको ..रु.</td><td>२०००००।</td></tr>
<tr><td>३४.</td><td>विद्युतिय लेखा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलब्ध गराई सवै गांउपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले २०७४।७५ मा Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राखेको पाईएन । लेखा अध्याबधिक गरी लेखा सूचना प्रणाली चुस्त दुरुस्त र छरितो बनाउन सुत्रको पूर्ण रुपमा प्रयोग गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५.</td><td>भ्रमण खर्च नियमावली २०६४, को नियम ३ मा भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान हुदैन भन्ने ब्यबस्था छ । ब.उ.शि.नं.३६५८४७३ बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फको कारोबारमा गो.भा.नं.११ मिति २०७५।३।३१ बाट स्वास्थ्य संयोजक सि.हे.व.श्री कमल साउदको बिभिन्न कार्यक्रमको पेश्की रु.३५९२००।०० फछ्र्यौट गर्दा निजको निम्न बमोजिमका स्वीकृत नभएका भ्रमण बिल पेश गरि ७ दिन भन्दा बढिको भ्रमण भत्ता भुक्तानी लिएको सम्बन्धमा आन्तरिक लेखापरीक्षणबाट समेत बेरुजु औल्याइएकोमा लेखापरीक्षणको समय सम्ममा भ्रमण आदेश स्वीकृत भएको नदेखिएकोले निजबाट निम्न बमोजिमको रकम असुल हुनु पर्ने.....रु.
<table>
<tr><th>सि. नं.</th><th>कर्मचारीको नाम,थर</th><th>भ्रमणको अबधी</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१</td><td>सि.हे.व.श्री कमल साउद</td><td>मिति २०७४।१२।२५ देखि २०७५।१।३ सम्म जम्मा दिन १०</td><td>२६२८०।००</td></tr>
<tr><td>२</td><td>सि.हे.व.श्री कमल साउद</td><td>मिति २०७५।३।९ देखि २०७५।३।१७ सम्म जम्मा दिन ९</td><td>१४८८०।००</td></tr>
<tr><td colspan="3">जम्माः</td><td>४११६०।००</td></tr>
</table></td><td>४११६०।</td></tr>
<tr><td>३६.</td><td>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने बिलभर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट निम्न बमोजिमको कार्यमा खर्चलाइ पुष्ट्याई गर्ने आधार बिना रकम खर्च लेखेको अनियमित देखिएको रु.
<table>
<tr><th>सि. नं</th><th>ब्यहोरा</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१</td><td>गो.भा.नं.६० मिति २०७४।९।२६ बाट कार्यालय संचालन खर्च भुक्तानी भएकोमा हेल्मेट लगायतका सामान कार्यालयमा जिन्सी दाखिला बेगर भुक्तानी भएको.......रु.</td><td>७८५०।००</td></tr>
<tr><td>२</td><td>गो.भा.नं.२०३ मिति २०७५।३।२१ मा आर्थिक बर्ष २०७५।७६ को बार्षिक बजेट तथा कार्यक्रम मस्यौदा कार्यशाला गोष्ठी संचालन खर्च रु.२५४००। भुक्तानी भएकोमा कार्यशाला गोष्ठीमा सहभागीहरुको उपस्थिती र सोको प्रतिवेदन समेत पेश हुन नआएको......रु.</td><td>२५४००।००</td></tr>
</table></td><td>३३२५०।</td></tr>
</table>

| | | |
|---|---|---|
| | जम्मा: | ३३२५०।०० |

३७. **सवारी लगबुक बेगर ईन्धन खर्च :** कार्यालयबाट स्वीकृत बजेटको परिधि भित्र रही इन्धन खर्च भुक्तानी गर्दा सवारी साधन चढने पदाधिकारीबाट प्रयोजन खुल्ने गरी प्रमाणित गरिएको सवारी लगबुक संलग्न राखि इन्धन खर्च भुक्तानी गर्नुपर्नेमा यस गांउपालिकाबाट यस आर्थिक बर्षमा तपसिल बमोजिम सवारी लगबुक विना इन्धन खर्च भुक्तानी भएको देखिन्छ । अतः सवारी इन्धनमा लगबुक राखि यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।

| गो.भा.नं. र मिति | फर्मको नाम | बिजक नं. र मिति | इन्धनको परिमाण | भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| ४।२०७४।६।६ | के.पी.स्टोर्स एण्ड सप्लायर्स | १६१।२०७४।५।६ | १०० ली. | ११५००।०० |
| ४२।२०७४।८।१० | ,, ,, ,, | ४९१।२०७४।७।३० | १०० ली. | ११०००।०० |
| ,, ,, ,, ,, | ,, ,, ,, | ४८०।२०७४।७।१७ | ६२ ली. | ६८२०।०० |
| ,, ,, ,, ,, | ,, ,, ,, | ४५१।२०७४।६।२३ | ७० ली. | ७७००।०० |
| ८९।२०७४।११।११ | ,, ,, ,, | १०२४।२०७४।१०।२१ | १५३ ली. | १७९०१।०० |
| १०६।२०७४।११।२९ | ,, ,, ,, | ९८६।२०७४।९।२३ | १६५ ली. | १८९७५।०० |
| १२९।२०७४।१।७ | ,, ,, ,, | १३२२।२०७४।१२।१६ | ६५ ली. | ७८००।०० |
| १४९।२०७४।२।७ | ईन्द्रसरा आयल स्टोर्स | ११७।२०७५।२।७ | २०० ली. | २३२००।०० |
| १५१।२०७४।२।७ | मुगा आयल स्टोर्स | २५२।२०७५।२।१ | ५२० ली. | ५१२३८।०० |
| १९७।२०७५।३।१४ | के.पी.स्टोर्स एण्ड सप्लायर्स | १८९१।२०७५।३।८ | १०० ली. | १२५००।०० |
| ,, ,,, ,, | ,,, ,, ,, | १८४३।२०७५।२।१६ | १३० ली. | १६२५०।०० |
| १९८।२०७५।३।१४ | मुगा आयल स्टोर्स | २८९।२०७५।३।११ | ४६० ली. | ४६७३०।०० |
| **जम्मा** | | | | **२३१६१४।००** |

३८. आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने बिलभपाई सहितको लेखा राख्नुपर्ने ब्यबस्था रहेको साथै स्थानीय तहको रकम दुरुपयोग नहोस भन्ने बिषयमा खर्च लेख्ने पदाधिकारीले समेत बिशेष ध्यान पुर्‍याउनुपर्ने अबस्थामा गो.भा.नं.२६६ मिति २०७५।०३।०१ मा खेलकुद विकास समितिलाई गा.पा.स्तरिय खेलकुद कार्यालय ब्यबस्थापन, खेलकुद सामाग्री खरिद लगायत कार्यको लागि रकम रु.६५५२४५।०० भुक्तानी भएकोमा बिल बमोजिम खरिद भएका डेल ल्यापटप,स्टील दराज लगायतका सामानहरु जिन्सी आम्दानी बांधेको नदेखिएकोले यस्तो सामान आम्दानी बांधी भण्डार प्रमुखलाई जिम्मेवार बनाई सम्पत्तिको संरक्षण गर्नुपर्ने देखिएको..रु. ६५५२४५।

३९. **आन्तरीक लेखापरीक्षणः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। यस गांउपालिकाको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय, अछामबाट भएको पाईयो ।आन्तरिक लेखापरीक्षणबाट औल्याईएका बेरुजु उपर कार्यालयबाट असुल फछ्र्यौट नगरेको ब्यहोरा निम्नानुसार छनः

३९.१. भ्रमण खर्च नियमावली २०६४ को नियम ३ मा भ्रमण आदेश र निर्णय विना भ्रमण खर्च गर्न नहुने ब्यबस्था छ । गो.भा.नं.३७ मिति २०७५।३।१० मा स्वास्थ्य संयोजक कमल साउदको पेश्की फछ्र्यौट गर्दा स्वास्थ्य संयोजक कमल साउदको मिति २०७४।११।२३ को स्वीकृत भ्रमण आदेश अनुसार मिति २०७४।११।१४ देखि २०७४।११।१८ सम्म स्वास्थ्य चौकी सोकट, दुनी र मार्कु महिला स्वास्थ्य स्वयंसेविका अर्धबार्षिक समिक्षा बैठकमा सहजिकरण तथा अनुगमन कार्यको लागि काज खटिएकोमा निजले मिति २०७४।११।२४ देखि ऐ.२९ सम्मको भ्रमण बिल पेश गरि रु.९२००।०० भुक्तानी लिएको देखिंदा स्वीकृत भ्रमण आदेश बेगर १ दिनको बढि भ्रमण खर्च असुलउपर गर्नुपर्ने..रु. १७६०।००

३९.२. यस गांउपालिका अन्तर्गत स्वास्थ्य सेवा तर्फका तपसिल बमोजिमका कर्मचारीहरुलाई यस आर्थिक बर्षमा तलव भुक्तानी गर्दा तपसिल बमोजिमको बढि दरको प्राबिधिक ग्रेड भुक्तानी भएको देखिएकोले बढि भुक्तानी भएको रकम असुलउपर गर्नुपर्ने...........रु. २२९३२।८०

| सि.नं. | कर्मचारीको नाम | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | बढि भुक्तानी रकम | कैं. |
|---|---|---|---|---|---|
| १ | पार्वती देवी जोसी | ४८०। का दरले रु.३८४०। | ७८३। का दरले रु.६३६४। | २६६६।४० | १० प्रतिशत क.सं.कोष समेत |
| २ | शिवनारायण जोसी | ४८०। का दरले रु.३८४०। | ७८३। का दरले रु.६३६४। | २६६६।४० | ,, ,, |
| ३ | भैरब ब. कुंवर | ४८०। का दरले रु.३८४०। | ७८३। का दरले रु.६३६४। | २६६६।४० | ,, ,, |
| ४ | सीतादेवी बोहरा | ४८०। का दरले रु.३८४०। | ७८३। का दरले रु.६३६४। | २६६६।४० | ,, ,, |
| ५ | कमल साउद | ६४०। का दरले रु.५१२०। | २०३४। का दरले रु.१६२७२। | १२२६७२० | ,, ,, |
| | | | **जम्मा:** | २२९३२८० | |

| | | |
|---|---|---|
| ३९.३. | गो.भा.नं.२२८ मिति २०७५।३।३१ मा यो गाउँपालिका अन्तर्गतका बर्थिङ्ग सेन्टरहरुमा कार्यरत १० जना नर्सिङ्ग कर्मचारीहरुले नेपाल सरकार मन्त्रीपरिषदको २०६६।९।९ गतेको निर्णयानुसार प्रतिरात कामगरे बापत रु.१५०।०० का दरले भत्ता दिने ब्यबस्था अनुरुप बार्षिक भत्ता रु.३१८७५०।०० बुझेकोमा बर्थिङ्गसेन्टरबाट रात्री समयमा काम गरेको अभिलेख नभएकोले कुन नर्सिङ्ग कर्मचारीले कुनकुन दिन रात्री समयमा काम गरेको हो, सो खुल्न नसकेको हुँदा भुक्तानी भएको भत्ता रकम एकिन गर्न सकिएन । उदाहरणका लागि पायल स्वास्थ्य चौकीमा कार्यरत अनमी सिला कट्टेललाई ३०० दिन (राती) को रु.४५०००।०० र लुंग्रा स्वास्थ्य चौकीमा कार्यरत अनमी अनिता खडकालाई ३६५ दिन (राती) को रु.५४७५०।०० भुक्तानी भएको रकम अस्वभाविक देखिन्छ । अत: यस्तो भुक्तानी रकमको छानबिन एवं अभिलेख तयार गरि रात्री ड्यूटी नपरेको दिन(राती) को भत्ता रकम असुल गर्नुपर्ने रु. | ३१८७५०।०० |
| ३९.४. | आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम भुक्तानीमा करकट्टी गर्नुपर्नेमा गो.भा.नं.२२९ मिति २०७५।२।२३ मा एम.एम.एग्रोभेटबाट पशु औषधी खरिद गरि रु.७५०००।०० भुक्तानी दिंदा अग्रीम कर कट्टी गरेको नदेखिएको हुंदा असुलउपर गर्नुपर्ने..रु. | ११२५।०० |
| ३९.५. | गो.भा.नं.३०९ मिति २०७४।३।१३ मा स्वास्थ्य जनचेतना कार्यक्रम एफसीएचभी तथा प्रसुती वेईटिड.बेड खरिदको लागि पायल स्वास्थ्य चौकीलाई रु.२०४७००।०० पेश्की दिएकोमा स्वास्थ्य चौकीले उक्त पेश्की मध्ये रु.१२००००।००, २० जना महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई मोबाईल खरिद गर्न रु.६०००।०० का दरले नगदै रकम बुझाएकोले उद्देश्य तथा प्रयोजन बिपरित खर्च लेखेको अनियमित भएको साथै खरिद भएका मोबाईल समेत दाखिला गरेको प्रमाण पेश नभएको..रु. | १२००००।०० |
| ४०. | **बेरुजु लगत :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गांउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गांउपालिकामा समाहित भएका साबिकका गा.वि.स.र वडा लगायत विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गांउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गांउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ४१. | **बित्तीय जवाफदेहिता मूल्याँकन**–पालिकाले विभिन्न कानून एवंम कार्य विधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । यस पालिकाको लेखापरीक्षणको क्रममा | |

कार्यसम्पादनको व्यवस्थापकीय पक्ष, बित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन र बिकास निर्माण गरी ४ मुलविषयमा केन्द्रित रही २० वटा सूचक प्रयोग गरी कार्यालयको बित्तीय जवाफदेहिताको स्तर मुल्याँकन गरीएको छ । सो मुल्याँकनमा यस कार्यालयलाई ५६ प्रतिशत अङ्ककासाथ'C' (A,B,C, Dमध्ये )ग्रेडमा ग्रेडिङ्ग गरीएको छ । आगामी वर्ष कमजोरी औल्याइएका विषयमा सुधारगरी यसमा अभिबृद्धि गर्नेतर्फ कार्यालय कृयाशील हुनुपर्ने देखिन्छ ।

४२. **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु १९ लाख १५हजार, अनियमित बेरुजू रु२ लाख ३३हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु७लाख७५ हजार र पेश्की बाँकी देखिएको रु ३४ लाख७९हजारसमेत रु.६४ लाख २हजार बेरुजू कायम भएको छ ।प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया साथ प्रमाण कागजात संलग्न नभएकोले बैरुजु फछ्र्यौट नभई यथावत कायम रहेको छ ।

४३. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ११४६९५६।०५ | ४४२२४३।२४ | ७०४७१२।८१ |

**कार्यालयले बेरुजु फछ्र्यौट गरि संपरीक्षणको लागि पेश गरेको प्रमाण कागजात परिक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :**

| सि.नं. | संपरीक्षणको ब्यहोरा | रकम रु. |
|---|---|---|
| १ | गांउकार्यपालिकाको कार्यालय चौरपाटी अछामबाट च.नं.११० मिति २०७५।५।१३ को पत्र मार्फत डोर समक्ष संपरीक्षणका लागि रु.४४२२४३।२४ को श्रेस्ता पेश भएकोमा बेरुजु दफा ११ को संबन्धमा यस गांउपालिकाको आर्थिक कार्यबिधि नियमित तथा ब्यबस्थित गर्न बनेको कानून २०७४, सम्बत २०७४ सालको ऐन नं.२ को दफा २०(४) बमोजिम बेरुजु असुल फछ्र्यौट नियमित र लगत कायम गर्ने संबन्धमा सभाबाट नियमित हुनुपर्नेमा गांउकार्यपालिकाको मिति २०७४ फाल्गुन ८ गतेको बैठकबाट नियमित भई आएकाले उक्त रकम गांउसभाबाट नियमित गर्नुपर्ने.........रु. | २०९४७५।० |
| २ | गांउपालिकाबाट बेरुजु फछ्र्यौट गरि सं.प.को लागि अनुरोध भएको मध्ये निम्न दफाको बेरुजु फछ्र्यौट गरिएको छ । | |
| | **जम्मा:** | २०९४७५।०० |

| सि.नं. | आ.व. | दफा | फछ्र्यौटको बिबरण | फछ्र्यौट रकम रु. |
|---|---|---|---|---|
| १ | २०७३।७४ | ९.१ | संचितकोष दाखिला भौचर पेश | १८१७८७५० |
| २ | २०७३।७४ | ९.२ | संचितकोष दाखिला भौचर पेश | ८६२५.२४ |
| ३ | २०७३।७४ | ९.३ | संचितकोष दाखिला भौचर पेश | ४२३५५।५० |
| **जम्मा:** | | | | **२३२७६८।२४** |

<table>
<tr><td></td><td></td><td></td></tr>
<tr><td>४४.</td><td>अद्यावधिक बेरुजु स्थिति : चौरपाटी गांउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजुरु. (D)</th><th>यो वर्षको कायम बेरुजुरु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>७०४७१२.८१</td><td>०</td><td>६४०२४८४.८०</td><td>७१०७१९७.६१</td></tr>
</table>
उल्लेखित बेरुजुहरु यस गांउपालिकाको आर्थिक कार्यबिधि नियमित तथा ब्यबस्थित गर्न बनेको कानून २०७४, सम्बत २०७४ सालको ऐन नं.२ बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनु पर्दछ ।</td><td></td></tr>
</table>

**अनुसूचीः १**

# चौरपाटी गाउंपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**२०७४।७५**

**(रु.हजारमा)**

| सि(न)( | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको |
| १. | अछाम | चौरपाटी गा.पा. | ३५ | १५ | ६४०२ | | | | ३५ | १५ | ६४०२ | १९१५ | २३३ | ७७५ | ० | ० |
| २. | | जम्मा | ३५ | १५ | ६४०२ | | | | ३५ | १५ | ६४०२ | १९१५ | २३३ | ७७५ | ० | ० |

# स्थानीय तह सञ्चित कोष विवरण

**२०७४।७५**

**अनुसूची- २**

**(रु.हजारमा)**

| क.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | चौरपाटी गा.पा. | अछाम | ६५७९ | २०३१०२ | १८३९३५ | ६७८७ | ३९३८२४ | १९७७२२ | १४२७४९ | ० | ३४०४७१ | ५९९३२ |
| २. | | जम्मा | ६५७९ | २०३१०२ | १८३९३५ | ६७८७ | ३९३८२४ | १९७७२२ | १४२७४९ | ० | ३४०४७१ | ५९९३२ |